# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०३।०१ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिका वडा नं. १३ स्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीहरूले आ.व. २०७८/०७९ मा रूख कटान गरी बेचबिखनबाट प्राप्त भएको रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा **जिल्ला सुर्खेत, भेरीगंगा नगरपालिकास्थित साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष लोक बहादुर महतारा, सचिव मान कुमारी पौड्याल र कोषाध्यक्ष दल बहादुर बुढा**को आपसी मिलेमतोमा नेपाल सरकार एवं सार्वजनिक संस्था नेपाल साजगोठेरी सामुदायिक वन उपभोक्ता समूह, भेरीगंगा न.पा. १३ सुर्खेतको सम्पत्तिको हिनामिना हानिनोक्सानी तथा दुरूपयोग गर्ने बदनियतले आ.व. २०७७/७८ मा लगत संकलन सहमति लिई कटान गरी आ.व. २०७८/०७९ मा चिरान गरेको १००० क्यू. फिट काठमा ९८१.२४ क्यू. फिट काठ न्यूनतम दररेटमा बिक्री गर्दा हुने आम्दानी रकम भन्दा **रू.९५,११८/८०** (पन्चनब्बे हजार एकसय अठार रूपैयाँ असी पैसा) कम आम्दानी भएको देखाई लेखापरीक्षण प्रतिवेदन बनाई रकम हिनामिना गरेको; त्यसैगरी आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा काठ चिरानी खर्च रू.४,४०,०००/- (चार लाख चालीस हजार रूपैयाँ) खर्च भएको देखाई वास्तविक दररेट भन्दा **रू.३,६६,९१६।०५** (तीन लाख छैसठ्ठी हजार नौ सय सोह्र रूपैंया पाँच पैसा मात्र) बढी रकम खर्च देखाएको; सामुदायिक वनको लेखापरीक्षण प्रतिवेदन अनुसार आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९ मा वनहेरालु गरेबापत जम्मा रू.२,२०,०००।—(दुई लाख बीस हजार) खर्च भएको भनी अस्वभाविक बढी खर्च भुक्तानी देखाएकोमा वनहेरालुले वास्तविक पाएको रकम नगद रू.१,३०,०००।— (एक लाख तीस हजार रूपैयाँ) भएको देखिंदा वास्तविक भएको खर्चभन्दा **रू.९०,०००** ।- (नब्बे हजार रूपैयाँ) बढी बुझेको झुट्टा भरपाई बनाएको तथा सामुदायिक वन उपभोक्ता समितिको विधान संसोधन गर्न काठमाडौं जाँदा बिना आधार कारण प्रतिवादी लोक बहादुर महताराले **रू.१,२०,०००/-** (एक लाख बीस हजार रूपैयाँ) रकम बुझी उक्त रकम के कुन शीर्षकमा खर्च गरेको हो सो उल्लेख समेत गर्न नसकेको र आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदनमा घरभाडा वापत रू.५२,०००।—(बाउन्न हजार रूपैयाँ) खर्च भएको देखाईएको तर घरधनीले हालसम्म रू.८,०००।—मात्र रकम बुझेको भनी कागज गरेकोले घरभाडा वापत **रू.४४,०००।—**(चवालीस हजार रुपैयाँ) को झुट्टा बिल भरपाई बनाएको देखिंदा **जम्मा रू.७,१५,९१६/०५ (सात लाख पन्ध्र हजार नौ सय सोह्र रूपैया पाँच पैसा मात्र)** नेपाल सरकार एवं सार्वजनिक संस्था साजगोठेरी सामुदायिक वन उपभोक्ता समूहलाई गैरकानुनी हानिनोक्सानी एवं हिनामिना पुऱ्याएको पुष्टि भएकोले निज प्रतिवादीहरू **लोक बहादुर महतारा, मान कुमारी पौड्याल, दल बहादुर बुढालाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको

कसुरमा सोही दफा १७ ले निर्देश गरेबमोजिम बिगो रू.७,१५,९१६।०५ (सात लाख पन्ध्र हजार नौ सय सोह्र रूपैयाँ पाँच पैसा) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) बमोजिम बिगोबमोजिम जरिवाना गरी बिगोसमेत सोही ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने